# विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि २०७४

## (पहिलो संशोधन, २०७५)

**प्रस्तावना**

नेपाल सरकारले संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यान्वयन गर्न तथा अन्तरराष्ट्रिय तहमा गरेको प्रतिबद्धता पुरा गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकाहरूलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गर्दै आएको छ । यसरी विगतदेखि प्रदान गर्दै आएको छात्रवृत्तिलाई विद्यालय क्षेत्र विकास कार्यक्रममा उल्लेख भए अनुसार विपन्न लक्षित गर्दै अति आवश्यक भएका वर्गलाई छात्रवृत्ति उपलब्ध गराउन विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका २०७४ को परिच्छेद ४ को ४.३.११ (क) को बुँदा नं. (४) मा उल्लेख भए अनुसार माध्यमिक तहमा प्रदान गरिने विपन्न लक्षित छात्रवृत्तिको व्यवस्थापन गर्न यो कार्यविधि तयार गरिएको हो ।

### परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम **विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि २०७४ (पहिलो संशोधन, २०७५)** रहनेछ ।

१.२ कार्यविधि स्वीकृत भएपश्चात केन्द्रले तोकेको जिल्लाहरुमा तोकिएको बर्षबाट यो कार्यविधि कार्यान्वयनमा आउनेछ ।

१.३ यो कार्यविधि नेपालभरका सामुदायिक विद्यालयहरुको हकमा लागू हुनेछ ।

### परिच्छेद २

**परिभाषा र व्याख्या**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा :

२.१ **'मन्त्रालय'** भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई जनाँउछ ।

२.२ **'केन्द्र'** भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई जनाँउछ ।

२.३ **'निर्देशिका'** भन्नाले विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका २०७४ लाई जनाँउछ ।

२.४ **'विपन्न लक्षित छात्रवृत्ति'** भन्नाले यस कार्यविधि तथा केन्द्रले तोके अनुसारको निश्चित प्रक्रियाको आधारमा छानिएका विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ति भन्ने सम्झनु पर्छ ।



Scanned by CamScanner

२.५ **'कोष'** भन्नाले विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिलाई जनाँउछ ।

२.६ **'भौचर पद्धति'** भन्नाले तोकिएको आधारमा छनौट भएका लक्षित विद्यार्थीहरुले पठनपाठनको लागि आफूले अध्ययन गर्न चाहेको सामुदायिक विद्यालय छनौट गरी भर्ना भएपश्चात निजलाई बैंकमा खाता खोल्न लगाई सोही खाता मार्फत रकम निकासा दिने पद्धतिलाई जनाउँछ ।

## परिच्छेद ३

### ३.१ विपन्न लक्षित छात्रवृत्तिका उद्देश्यहरु

यस कार्यविधि कार्यान्वयनका उद्देश्यहरु देहाय अनुसार रहेको छ :

(क) माध्यमिक तहमा तोकिएको आधारमा विपन्न विद्यार्थी पहिचान गरी छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ख) विज्ञान विषय लिई कक्षा एघार र बाह्रमा अध्ययन गर्न छात्राहरुलाई प्रोत्साहन गर्ने ।

(ग) छात्रवृत्ति वितरणको व्यवस्थालाई क्रमश व्यवस्थित गर्ने ।

(घ) छात्रवृत्ति वितरणमा संलग्न निकायहरुको भुमिका किटान गर्ने ।

## परिच्छेद ४

### छात्रवृत्ति सम्बन्धी व्यवस्था

### ४.१ विपन्न लक्षित छात्रवृत्ति सम्बन्धी व्यवस्था

४.१.१ विपन्न लक्षित छात्रवृत्ति माध्यमिक तहको कक्षा नौ, दश, एघार र बाह्र कक्षामा कार्यान्वयनमा ल्याईनेछ ।

४.१.२ वि.स. २०७४ बाट केन्द्रले तोकेको २५ जिल्लामा कक्षा ११ मा अध्ययनरत छात्रछात्राहरुलाई विपन्न लक्षित छात्रवृत्ति प्रदान गरिनेछ । साथै विज्ञान विषय लिई कक्षा ११ मा अध्ययन गर्ने छात्रछात्राहरुलाई प्रोत्साहन छात्रवृत्ति प्रदान गरिनेछ ।

४.१.३ वि.स. २०७५ बाट केन्द्रले तोकेको २५ वटा जिल्लाहरुको कक्षा नौमा विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयनमा ल्याइनेछ ।

४.१.४ बुदाँ नं ४.१.२ र ४.१.३ अनुसार तोकिएको २५ जिल्लाका विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयनमा आएपछि अर्को बर्षबाट नेपालभरका सम्पूर्ण विद्यालयहरुको कक्षा नौ र एघारमा विपन्न लक्षित छात्रवृत्तिको कार्यान्वयन गरिनेछ । पहिलो चरणमा लागू भएको २५ जिल्लामा भने अर्को वर्षबाट कक्षा दश र बाह्रमा यस्तो छात्रवृत्तिको व्यवस्था गरिनेछ ।



Scanned by CamScanner

४.१.५ विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयनमा आएको जिल्ला तथा विद्यालयहरुमा आवश्यकता र औचित्यताको आधारमा विगत देखि प्रदान गरिदै आएको अन्य छात्रवृत्ति व्यवस्था समायोजन वा स्थगन गर्न सकिनेछ ।

**४.२ विद्यालयलाई प्रोत्साहन** : कक्षा एघार र बाह्रमा विज्ञान विषय सञ्चालनमा आएको सामुदायिक माध्यमिक विद्यालयमा विपन्न लक्षित विद्यार्थीहरुको संख्याको आधारमा प्रति विद्यार्थीका दरले केन्द्रले तोके अनुसारको प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

## परिच्छेद ५

## ५ विपन्न विद्यार्थी छनौट गर्ने आधार तथा प्रक्रिया

५.१ **सहकारी तथा गरिवी निवारण मन्त्रालयसँगको सहकार्य** : विपन्न लक्षित छात्रवृत्तिको प्रभावकारी कार्यान्वयनको लागि सहकारी तथा गरिवी निवारण मन्त्रालय मार्फत गरिव घर परिवार सहयोग समन्वय बोर्डसँग समन्वय गरी प्राप्त विवरणको आधारमा उक्त मन्त्रालयले विवरण संकलन गरेको २५ वटा जिल्ला छनौट गरिनेछ । उक्त जिल्लामा प्रस्तावित गरिवी सम्बन्धी परिचयपत्र वितरण भएपछि गरिवी कार्डमा उल्लेख भएको विपन्नताको आधारमा छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

५.२ **विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिसँगको सहकार्य** : कुनै कारणबस माथि ५.१.मा भएको व्यवस्था कार्यान्वयनमा आउन नसक्ने अवस्था भएमा केन्द्रले विपन्न लक्षित छात्रवृत्तिको कार्यान्वयनको लागि विद्यार्थी पहिचान, आवश्यक फारमको विकास, सफ्टवेयरको व्यवस्था तथा आवश्यक प्राविधिक कार्यको लागि कोषसँग सहकार्य गर्न सक्नेछ । केन्द्रले वि.स. २०७४ देखि कक्षा ११ मा अध्ययन गर्न विपन्न लक्षित छात्रवृत्तिको लागि विद्यार्थी छनौटको आधार, प्रक्रिया छनौट लगायतका सम्पूर्ण कार्यको लागि कोषसँग सम्झौता गरी कार्य अघि बढाउनेछ ।

५.३ **विद्यार्थी पहिचान फारमको विकास** : केन्द्रले विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिको प्राविधिक सहयोगमा विद्यार्थी पहिचानको लागि फारमको विकास गर्नेछ । उक्त फारम विकास नभए सम्म कोषले प्रयोग गर्दै आएको फारमको आधारमा विद्यार्थीको पहिचान गरिनेछ ।

५.४ **सफ्टवेयरको विकास र प्रयोग** : विद्यार्थी पहिचानको लागि विकास गरिएको फारमको कम्प्युटर प्रविष्टिको लागि केन्द्रले कोषको सहयोग लिनेछ । साथै आफैले बाह्रय स्रोत पहिचान गरी सफ्टवेयरको विकास गरी तथ्यांक संकलनको व्यवस्था गर्नेछ ।

५.५ **विद्यार्थी छनौटको प्रक्रिया** : माथि ५.१ मा उल्लेख भए अनुसार गरिवी सम्बन्धी परिचय पत्र कार्यान्वयनमा आइनसकेको अवस्थामा विद्यार्थी छनौट देहाय तरीकाको आधारमा गरिनेछ :

(क) केन्द्रले कक्षा ११ को विज्ञान विषयमा छात्रछात्राहरुको छनौटको लागि कोषले विकास गरेको फारम जिल्लाहरुमा वितरण गरी विवरण संकलन गर्नेछ र यसरी प्राप्त गरेको फारम सम्बन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ वा कोषमार्फत कम्प्युटर इन्ट्रि गरिने छ ।



Scanned by CamScanner

(ख) फारममा तोकिएको सूचकहरुलाई आधार मानी विद्यार्थीले प्राप्त गरेको अंकको आधारमा सबैभन्दा विपन्न देखिएका मध्येबाट विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न योग्य हुनेछन् । यसरी छनौट भएका विद्यार्थीहरुलाई चौमासिक रुपमा वर्षको तीन पटक छात्रवृत्ति रकम प्रदान गरिनेछ । कक्षा ९ र १० को प्रथम किस्ता निकासा गर्दा व्यवस्थापन खर्च पनि थप गरी निकासा दिनुपर्नेछ ।

**५.६ विद्यार्थी छान्ने आधारः** (क) विज्ञान विषय लिइ कक्षा ११ मा अध्ययन गर्ने छात्राहरुको तीन क्वाइन्टाइलसम्म र छात्रहरुको दुई क्वाइन्टाइलसम्म छात्रवृत्ति प्राप्त गर्न योग्य हुनेछन् भने अन्य विषयको कक्षा ११ को हकमा प्रथम क्वाइन्टाइलसम्मको विद्यार्थीहरु छात्रवृत्ति प्राप्त गर्न योग्य हुनेछन् ।

(ख) कक्षा ९ मा भने प्रथम क्वाइन्टाइलमा पर्ने विद्यार्थीहरु विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न योग्य हुनेछन् ।

**५.७ छात्रवृत्ति निकासा प्रक्रिया :** बुँदा नं. ५.५ र ५.६ को आधारमा छनौट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति रकम निकासा निजको नाममा बैंक खाता सञ्चालन गर्न लगाई सोही खातामा निर्देशिकामा उल्लेख भएको व्यवस्था अनुसार निकासा दिनुपर्नेछ । यसको लागि राष्ट्रिय वाणिज्य बैंकसँग सहकार्य गरिनेछ । साथै अनुगमन, मूल्याङ्कन, प्रतिवेदन सम्प्रेषण जस्ता विषयहरु निर्देशिका अनुसार हुनेछ ।

**५.८ छात्रवृत्तिको रकम** : कक्षा ११ र १२ मा विज्ञान विषयमा विपन्न लक्षित छात्रवृत्ति पाउने छात्रछात्राहरुको लागि बार्षिक २४,००० छात्रवृत्ति पाउनेछन् । कक्षा ११ र १२ मा विज्ञान विषय बाहेक अन्य विषयमा अध्ययन गर्ने विपन्न लक्षित छात्रवृत्ति पाउने विद्यार्थीहरुले बार्षिक १८,००० का दरले छात्रवृत्ति पाउनेछन् र कक्षा ९ र १० मा छनौट भएका विद्यार्थीहरुको लागि बार्षिक ६,००० का दरले छात्रवृत्ति पाउनेछन् । बजेटको उपलब्धताका आधारमा ऐच्छिक गणित लिई कक्षा ९ र १० मा अध्ययनरत विपन्न लक्षित छात्राहरुलाई थप प्रोत्साहन गर्न सक्नेछ । छात्रवृत्तिको रकम केन्द्रले वार्षिक रुपमा परिमार्जन गर्न सक्नेछ ।

**५.९ छात्रवृत्तिको रकम उपलब्ध हुने** : (क) एक पटक विपन्न लक्षित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले निजले कार्यविधिमा तोकिए अनुसार माथिल्लो कक्षा अध्ययनको क्रममा अर्को विद्यालयमा अध्ययन गर्न चााहेमा वा आफु अध्ययनरत भन्दा अर्को जिल्लाको विद्यालयमा अध्ययन गर्न चाहेमा पनि सो रकम उपलब्ध हुनेछ ।

तर यसरी स्थानान्तरण हुंदा प्रचलित नियमानुसार स्थानान्तरण भएको हुनुपर्नेछ ।

(ख) तोकिएको आधारमा छनौट भएका विद्यार्थीहरुले आफुले अध्ययन गर्न चाहेको सामुदायिक विद्यालय छनौट गरेपछि सम्बन्धित विद्यालयले निज विद्यार्थीको नाममा खाता सञ्चालन गर्न लगाई सो को जानकारी शिक्षा विकास तथा समन्वय इकाइ वा विपन्न लक्षित छात्रवृत्ति हेर्ने निकायलाई दिनु पर्नेछ । सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ वा उक्त कार्य गर्ने निकायले यसरी विवरण प्राप्त भएपछि निज विद्यार्थीको खातामा छात्रवृत्तिको रकम निकासा दिनु पर्नेछ ।

**५.१० छात्रवृत्ति नपाउने अवस्था** : देहायको अवस्थामा विद्यार्थी छात्रवृत्ति पाउन योग्य हुनेछैन ।

(क) छात्रवृत्ति रकम निकासाको समयसम्म निजको हाजिरी असी प्रतिशतभन्दा कम रहेमा ।

(ख) विद्यार्थी कक्षा अनुत्तिर्ण भएमा ।



Scanned by CamScanner

(ग) उमेर नपुग्दै विवाह गरेमा ।

(घ) गलत वा झुठा विवरण भरी फारम पेस गरेको प्रमाणित भएमा ।

(ङ) विद्यार्थीले शिक्षा नियमावली तथा विद्यालयले बनाएको आचारसंहिता उल्लघंन गरेको प्रमाणित भएमा ।

## परिच्छेद ६

### विभिन्न निकायहरुको भूमिका

६.१ छात्रवृत्तिको प्रभावकारी व्यवस्थापनको लागि विभिन्न निकायहरुको भुमिका देहाय अनुसार हुनेछ :

**६.१.१ केन्द्रको भुमिका :**

(क) छात्रवृत्तिको व्यवस्थापनको लागि विद्यार्थी पहिचान फारमको विकास, सफ्टवेयरको विकास तथा अन्य प्राविधिक कामहरु गर्ने ।

(ख) छात्रवृत्तिको प्रभावकारी कार्यान्वयनको लागि विभिन्न निकायहरुसँग सहयोग र सहकार्य गर्ने ।

(ग) विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थी पहिचान सँगै निजहरुको लागि छात्रवृत्ति रकमको व्यवस्था गरी निकासाको व्यवस्था मिलाउने ।

(घ) विपन्न लक्षित छात्रवृत्तिको प्रभावकारी कार्यान्वयन तथा वास्तविक लक्षित वर्गले छात्रवृत्ति पाउने अवस्थाको सुनिश्चितताको लागि शिक्षा विकास तथा समन्वय इकाइहरुलाई निर्देशन दिने ।

(ङ) जिल्ला वा स्थानीय तहले छात्रवृत्ति सम्बन्धमा गरेका गतिविधिहरुको अनुगमन गरी आवश्यक निर्देशन दिने ।

**६.१.२ शिक्षा विकास निर्देशनालयको भूमिका :**

(क) विपन्न लक्षित छात्रवृत्तिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग गर्ने ।

(ख) छात्रवृत्ति विपन्न लक्षितले नै पाउने व्यवस्थाको लागि आवश्यक रणनीतिहरु अवलम्बन गर्ने ।

(ग) समयमै छात्रवृत्ति विद्यार्थीहरुले पाए, नपाएको सम्बन्धमा अनुगमन गरी निर्देशिका अनुसारको प्रतिवेदन केन्द्रमा पठाउने ।

(घ) केन्द्रले तोके अनुसारको आवश्यक कार्यहरु गर्ने ।

**६.१.३ शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहको भुमिका :**

(क) वास्तविक विपन्न नै पहिचान गर्न सूचना प्रवाह तथा फारम वितरणका लागि विद्यालयका प्रधानाध्यापकहरुलाई निर्देशन दिने ।



Scanned by CamScanner

(ख) तोकिएको फारम तोकिएको समयमा भर्ने तथा तिनको कम्प्युटर प्रविष्टिको व्यवस्था मिलाउने ।

(ग) विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापनको लागि काम गर्ने निकायहरुलाई आवश्यक सहयोग गर्ने ।

(घ) विद्यार्थी पहिचान फारमको हार्ड कपी तथा सफ्ट कपी तोकिएको निकायमा समयमै पठाउने व्यवस्था गर्ने ।

(ङ) प्राप्त छात्रवृत्ति रकम समयमै विद्यार्थीले पाउने गरी निकासाको सुनिश्चितता गर्ने र विद्यार्थीले प्राप्त गरे नगरेको अनुगमन गर्ने,

(च) छात्रवृत्ति सम्बन्धी प्रतिवेदन समयमै निर्देशनालय र केन्द्रमा पठाउने व्यवस्था गर्ने ।

(छ) स्रोतव्यक्तिलाई विपन्न लक्षित छात्रवृत्तिको प्रभावकारी कार्यान्वयनको लागि परिचालन गर्ने ।

(ज) विद्यार्थीहरुले भरेको फारम स्रोतव्यक्ति मार्फत रुजू गर्न लगाई प्रमाणिकरणको लागि विद्यालय निरीक्षकलाई पेश गर्न लगाउने ।

(झ) केन्द्र तथा निर्देशनालयले तोके अनुसारको आवश्यक कार्य गर्ने ।

## परिच्छेद ७

### विविध

**७.१ सजाय सम्बन्धी व्यवस्था** गलत विवरण भर्न सहयोग गर्ने, त्यसलाई सिफारिस गर्ने तथा प्रमाणित गर्ने जिम्मेवार व्यक्तिलाई शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले शिक्षा ऐन तथा नियमाली अनुसार कसूरको मात्रा हेरी हदै सम्मको कार्वाही गर्न सक्नेछ । गलत विवरण भर्ने विद्यार्थीलाई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट भावी दिनमा उपलब्ध हुने सरकारी छात्रवृत्तिबाट बन्चित गर्न सकिनेछ ।

**७.२ छात्रवृत्ति पाउन योग्य हुने** : कक्षा नौ वा एघार कक्षामा छावृत्ति पाएका विद्यार्थीहरु क्रमश बाह्र कक्षा नपुगेसम्म छात्रवृत्ति प्राप्त गर्न योग्य हुनेछन् ।

**७.३ अनुसूची सम्बन्धी व्यवस्था** : केन्द्रले अवश्यकता अनुसार कार्यविधिमा अनुसूची समावेश गर्न हटाउन तथा संशोधन गर्न सक्नेछ ।

**७.४ समायोजन गर्न सक्ने** : केन्द्रले विपन्न लक्षित छात्रवृत्तिको कार्यान्वयनको गर्दा निर्देशिका तथा यस कार्यविधिको भावना प्रतिकुल नहुने गरी छात्रवृत्तिलाई व्यवस्थित गर्न तोकिएको निकाय बाहेक अन्य निकायहरुसँग पनि सहकार्य गर्न तथा कार्यविधिमा आवश्यक व्याख्या तथा संशोधन गर्न सक्नेछ ।

**७.५ समिति सम्बन्धी व्यवस्था** : विपन्न लक्षित छात्रवृत्तिलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न केन्द्रले आवश्यकता अनुसार समिति तथा उपसमिति बनाई जिम्मेवारी दिन सक्नेछ । सो समितिले केन्द्रले तोकेको कार्यशर्तको आधारमा काम गर्नु पर्नेछ ।



Scanned by CamScanner

**७.६ अनुगमनसम्बन्धी व्यवस्था** : विपन्न लक्षित छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले आफैं वा आफ्नो जनशक्ति परिचालन गरी विद्यार्थीहरुको नियमित पठनपाठनको आकस्मिक रुपमा अनुगमन गर्न सक्नेछ ।

**७.७ छात्रवृत्तिमा हेरफेर हुने** : विपन्न लक्षित छात्रवृत्तिको लागि विनियोजित बजेटको उपलब्धताको आधारमा कतिसम्मको गरिबीमा परेको छात्रछात्राहरुलाई समेट्ने भन्ने अधिकार केन्द्रलाई हुनेछ ।

**७.८ भौचर जारी गर्ने : छात्रवृत्ति पाउन योग्य भई छनौट भएका विद्यार्थीहरुलाई दिइने भौचर केन्द्र आफैंले वा केन्द्रले तोकेको निकायमार्फत जारी गर्न सकिनेछ । यस्तो भौचरमा विद्यार्थीको आवश्यक विवरण, छात्रवृत्तिको रकम र छात्रवृत्ति प्राप्त गर्ने प्रक्रियाहरु खुलाइएको हुनुपर्नेछ ।**

**७.९ निर्देशिका अनुसार हुने** : यस कार्यविधिमा उल्लेख भएका विषयहरु निर्देशिकासँग बाझिन गएमा निर्देशिकामा उल्लेख भए अनुसार हुनेछ ।

Scanned by CamScanner